# सम्मरीमाई गाउँपालिकाको खेलकुद सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६

प्रमाणीकरण मिति

२०७६।०४।१०

सम्वत् २०७६ सालको कार्यविधि नं. २४

**प्रस्तावना :** सम्मरीमाई गाउँपालिका क्षेत्रभित्र खेलकुदको माध्यमबाट युवा, विद्यार्थी तथा सर्वसाधारण जनताको शारीरिक तथा मानसिक विकास गरी सक्षम, अनुशासित र गतिशिल नागरिक तयार गर्नका लागि खेलकुद सम्वन्धी बिभिन्न गतिविधिहरु सञ्चालन गरी सबै खालका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगितामा यस गाउँपालिकाको समेत सहभागीता अहम रहने भएकोले यस गाउँपालिकामा खेलकुद एवम् खेल पर्यटनको विकास गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) को अधिकार प्रयोग गरि यो कार्यविधि बनाइएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम : सम्मरीमाई गाउँपालिकाको खेलकुद सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ रहनेछ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागू हुनेछ ।

**२. परिभाषा :** (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "समिति" भन्नाले सम्मरीमाई गाउँपालिकाको गाउँपालिका स्तरीय खेलकुद विकास समितिलाई सम्झनु पर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले सम्मरीमाई गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले सम्मरीमाई गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "कार्यालय" भन्नाले सम्मरीमाई गाउँपालिका भित्र रहेको गाउँपालिका स्तरीय खेलकुद विकास समितिको कार्यालयलाई सम्झनु पर्छ ।

(ङ) "खेलकुद विकास समिति" भन्नाले यो कार्यविधि बमोजिम गठित गाउँपालिका स्तरीय खेलकुद विकास समितिलाई सम्झनु पर्दछ ।

(च) "संरक्षक" भन्नाले सम्मरीमाई गाउँपालिकाको गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ट) "सह संरक्षक" भन्नाले सम्मरीमाई गाउँपालिकाको गाउँ उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(ज) "अध्यक्ष" भन्नाले गाउँस्तरीय खेलकुद विकास समितिकाका अध्यक्ष समेतलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२
## उद्देश्य

**३. गाउँपालिका स्तरीय खेलकुद विकास समितिको उद्देश्य :**

(१) गाउँपालिका स्तरीय खेलकुद विकास समितिको उद्देश्यहरु निम्नानुसार हुनेछन,

(क) खेलकुदको माध्यमबाट अनुशासित जनशक्ति तयार गर्ने ।

(ख) गाउँपालिका भित्र खेलकुद सञ्चालन गर्ने सबै संघ संस्था, निकायहरु बिच समन्वय गरी खेलकुद क्षेत्रको विकास गर्ने योजना बनाई लागू गर्ने तथा खेलकुदको विकास गर्न सघाउ पुयाऱ्उने ।

(ग) खेलकुद क्षेत्रको विकास मार्फत समाजमा अनुशासित, गतिशील नागरिक तयार गर्न खेलकुदको संस्थागत विकास गर्ने ।

(घ) खेलकुद क्षेत्रका संस्थाहरुको स्थापना र विकास गरी खेलकुदका गतिविधि हरुलाई संस्थागत रुपमा विकास गर्दै लैजाने ।

(ङ) खेलाडी, प्रशिक्षण र प्रतियोगिताका अवसरहरुलाई विकेन्द्रिकरण गर्दै समानुपातिक अवसर प्रदान गर्ने ।

(च) खेलकुदलाई जनजीवनको अभिन्न अङ्ग बनाई जनसहभागितामा वृद्धि गर्ने ।

(छ) निरन्तर अध्ययन अनुसन्धानका आधारमा प्रशिक्षण र प्रतियोगितालाई बढी बैज्ञानिक र स्तरयुक्त बनाउदै स्तरिय खेलाडी उत्पादन गर्ने गरी उनीहरुको कार्यदक्षताबाट राष्ट्रलाई समेत राष्ट्रिय, अर्न्तराष्ट्रिय क्षेत्रमा राष्ट्रिय गौरब अभिवृद्धि गर्ने ।

(ज) खेलकुदको माध्यमबाट जनजीवनको शारिरीक तथा मानसिक विकास गर्ने ।

(झ) खेलकुदमा महिला सहभागिता अभिवृद्धि गर्न प्रोत्साहित गर्ने ।

(ञ) फरक क्षमत भएका तथा सुस्त मनस्थितिका लागि पनि उपयुक्त खेलकुद, विद्यालयहरुको विकास, प्रवर्द्धन एवं आयोजना गर्ने, गराउने ।

(ट) गाउँपालिका स्तरमा खेलाडीहरुको स्वास्थ्य सम्बन्धमा आवश्यक कार्यक्रम बनाई लागू गराउने ।

(ठ) खेलकुद विकासका लागि अनुसन्धान केन्द्र बनाई खेल पर्यटनका आधारबाट गाउँपालिकाको आर्थिक उन्नतिमा टेवा पुऱ्याउने गरी कार्य गर्ने ।

(ड) खेलकुदमा निजी क्षेत्रको संलग्नता एवम् सहभागिता अभिवृद्धि गर्ने ।

(ढ) खेलकुद प्रति सकारात्मक रुचि पैदा गर्ने, खेलकुदका लागि अनुकुल वातावरण सिर्जना गर्ने ।

(ण) खेलकुदमा क्रियाशिलता संघ र संस्था, क्लवहरु तथा व्यक्तिहरुको पेशागत विकास गर्ने ।

(त) राष्ट्रिय तथा अर्न्तराष्ट्रिय खेलकुद प्रतियोगिताहरुमा सहभागी भई सम्मरीमाई गाउँपालिकाको ईज्जत, प्रतिष्ठा र गौरव बृद्धिमा योगदान पुऱ्याउने खेलाडीहरुको सम्मान गर्ने ।

## परिच्छेद-३

## गाउँ खेलकुद विकास समितिको गठन

**४. खेलकुद विकास समितिको स्थापना :**

(१) सम्मरीमाई गाउँपालिका भित्र खेलकुद विकास गर्नका लागि सम्मरीमाई गाउँपालिका स्तरीय खेलकुद विकास समिति नामको एक खेलकुद विकास समितिको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने खेलकुद विकास समितिमा देहाय बमोजिमका सदस्यहरु रहने छन ।

(क) गाउँपालिकाको सामाजिक विकास समितिका संयोजक वा गाउँ कार्यपालिकाले मनोनित गरेको कार्यपालिका सदस्यहरु मध्येबाट — अध्यक्ष

(ख) खेलकुद क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएको प्रतिष्ठित व्यक्ति मध्येबाट — उपाध्यक्ष

(ग) खेलकुद क्षेत्रमा योगदान पुऱ्याएका गाउँपालिकाका व्यक्तित्वहरु मध्ये गाउँपालिकाका अध्यक्षले मनोनयन गरेका कम्तिमा २ जना महिला सहित ३ जना — सदस्य

(घ) गाउँपालिका क्षेत्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा शिक्षकहरु मध्येबाट गाउँ कार्यपालिकाद्वारा मनोनित १/१ जना गरी २ जना — सदस्य

(ङ) खेलकुदसँग सम्वन्धित गैरसरकारी तथा स्थानीय संघ संस्थाबाट गाउँ कार्यपालिका द्वारा मनोनित २ जना — सदस्य

(च) खेलकुद विकास समितिले मनोनित गरेको १ जना — सदस्य

(छ) गाउँपालिकाका सामाजिक शाखा/उपशाखाका प्रमुख — सदस्य सचिव

**५. समितिको संरक्षक :**

(१) गाउँपालिकाका अध्यक्ष गाउँ खेलकुद विकास समितिको संरक्षक हुनेछन ।

(२) गाउँपालिकाका उपाध्यक्ष गाउँ खेलकुद विकास समितिको सह संरक्षक हुनेछन ।

**६. निर्देशन पालना गर्नुपर्ने** : संरक्षकले दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

(१) गाउँ खेलकुद विकास समिति सम्मरीमाई गाउँपालिकाको खेलकुद क्षेत्रमा क्रियाशिल रहने खेलकुद क्षेत्रको एउटा प्रमुख संस्था हुनेछ ।

(२) समितिको सबै कामकारवाहीको निमित्त आफ्नै छुट्टै छाप हुनेछ र यसको लागि गाउँ कार्यपालिकाबाट अनुमती लिनु पर्नेछ ।

**७. पदावधि :**

(१) यस गाउँपालिका स्तरीय खेलकुद विकास समितिको पदावधि ३ वर्षको हुनेछ ।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यहरुको पद रिक्त हुन आएमा निज जुन हैसियतले मनोनित भएको हो सोही हैसियतको अर्को व्यक्तिलाई मनोनित गरिनेछ ।

(३) कुनै सदस्यले आफ्नो कर्तव्य पालना गरेको छैन भन्ने लागेमा समितिको बहुमतको निर्णय सहितको सिफारिसमा गाउँपालिकाले त्यस्तो सदस्यलाई जुनसुकै बखतमा पनि हटाउन सक्नेछ । तर त्यस्तो कारवाही गर्दा सम्बन्धित सदस्यलाई सफाई दिने मौकाबाट बञ्चित गरिने छैन ।

**८. सदस्यको अयोग्यता** : (१) देहायको कुनै व्यक्ति समितिमा मनोनयन हुन वा वहाल रहन सक्ने छैन,

(क) गैर नेपाली नागरीक,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुर ठहरिएमा,

(ग) मगज बिग्रेको ।

**९. सदस्यता समाप्त हुने अवस्था :**

(१) देहायको अवस्थामा सदस्यता समाप्त भएको मानिनेछ,

(क) दफा ८ बमोजिम सदस्यतामा बहाल रहन अयोग्य भएमा,

(ख) सदस्यले राजिनामा गरेमा,

(ग) सदस्यको मृत्यु भएमा,

(घ) सम्मरीमाई गाउँपालिका स्तरीय खेलकुद विकास समितिलाई उचित कारण सहितको सूचना नदिई लगातार ३ पटक सम्म समितिको बैठकमा अनुपस्थित भएमा ।

## परिच्छेद-४
## काम, कर्तव्य र अधिकार

**१०. समितिको काम, कर्तव्य र अधिकार :** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,

(क) खेलकुद क्षेत्रको विकास गर्न खेलकुद प्रतियोगिताको आयोजना गर्ने ।

(ख) खेलकुद सम्बन्धी प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी, समितिका सदस्य तथा कर्मचारीलाई प्रदेश, संघ वा विदेशमा समेत पठाउने । खेलकुद सम्वन्धि विभिन्न कार्यक्रम सञ्चालन गर्ने तथा सहभागी गराउने ।

(ग) खेलकुद सम्बन्धी संस्थालाई आर्थिक तथा खेलकुद सम्वन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्ने वा अन्य सहयोग प्रदान गर्ने ।

(घ) शिक्षण संस्थाहरुमा खेलकुद सम्बन्धी प्रशिक्षण र प्रतियोगिता सञ्चालन गर्ने तथा खेलकुदको जानकारी सम्बन्धी प्रचार प्रसार गर्ने गराउने ।

(ङ) खेलकुदको स्तरोन्नती र विकासका लागि खेल क्षेत्रको आवश्यकता तथा सम्भाव्यता अध्ययन र पूर्वाधारको निर्माण गर्ने ।

(च) खेलकुदको विकासका लागि वडा खेलकुद विकास समितिहरु गठन गर्ने साथै खेलकुद सम्बन्धी संस्थाहरु, क्लवहरु दर्ता गर्ने र गाउँपालिकालाई सिफारिस गर्ने ।

(छ) खेलाडीहरुलाई सहायता तथा छात्रवृत्ति प्रदान गर्नका लागि गाउँपालिकालाई सिफारिस गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी भई गाउँपालिकाको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सहभागीता जनाई राष्ट्रिय गौरब एवम् प्रतिष्ठा आर्जनमा महत्वपूर्ण योगदान पुऱ्याएका गाउँपालिकाका खेलाडीहरुका लागि सम्मान तथा पुरस्कृत गर्न गाउँपालिकालाई सिफारिस गर्ने ।

(ज) खेलाडीको संस्थाको संरक्षण गर्नका लागि अबिलम्ब व्यवस्था गर्ने ।

(झ) खेलकुदको विकासका लागि अन्य आवश्यक व्यवस्था गर्ने गराउने ।

**११. समितिको बैठक र निर्णय** :

(१) अध्यक्षबाट निर्देशन भए अनुसार सदस्य सचिवले मिति, समय र स्थान तोकि समितिको बैठक बोलाउनेछ ।

(२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ निजको अनुपस्थितिमा उपाध्यक्षले र निज़को पनि अनुपस्थिति भएमा सदस्यहरुले आफुमध्ये बाट छानेको जेष्ठ सदस्यले वैठकको अध्यक्षता गर्नेछ ।

(३) समितिको कुल सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरुको उपस्थिती भएमा बैठकको लागि गणपुरक संख्या रहेको मानिनेछ ।

(४) समितिको बैठक बर्षमा कम्तिमा ३ महिनामा १ पटक बस्नेछ ।

(५) बैठकमा बहुमतको संख्या मान्य हुनेछ तर मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिलें निर्णायक मत दिन पाउनेछ ।

(६) सदस्य सचिबले बैठकको निर्णयको अभिलेख राख्नेछ ।

(७) यस दफामा लेखिए बाहेक बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्णय गरे बमोजिम हुनेछ ।

## परिच्छेद-५
## पदाधिकारीको काम, कर्तव्य र अधिकार

### १२. पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार

(१) यस कार्यविधिको दफा १० समेतका सम्पूर्ण अधिकार तथा कर्तव्यहरुको अधिनमा रही खेलकुद समितिका पदाधिकारी तथा सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) अध्यक्ष :

१. यो कार्यविधिमा भएका बिषयहरु लगाएत खेलकुदको विकास र विस्तारका विषयमा खेलकुद विकास समितिलाई आवश्यक निर्देशन दिने ।

२. बैठकको अध्यक्षता गर्ने ।

३. खेलकुदको विकास र विस्तारका लागि आवश्यक कार्य योजना बनाई गाउँपालिकालाई जानकारी गराउदै खेलकुद मैत्री वातावरण बनाउने योजना बनाउने ।

(ख) उपाध्यक्ष :

१. अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले गर्नुपर्ने सम्पुर्ण कार्यहरु गर्ने ।

२. अध्यक्ष तथा समितिले तोके बमोजिम काम गर्ने ।

(ग) सचिव :

१. अध्यक्षले दिएको निर्देशन बमोजिमका काम गर्ने र गराउने ।

२. खेलकुद विकास समितिको बैठकको लागि विषयसूची तयार गर्ने र बैठकको निर्णय कार्यान्वयन गर्ने गराउने ।

३. खेलकुद विकास समितिको सचिवालय स्थापना गर्ने ।

४. खेलकुद सम्बन्धी विषयमा जिल्ला, प्रदेश तथा राष्ट्रिय निकायहरुसँग सम्पर्क र समन्वय कायम गर्ने ।

५. खेलकुद विकास समितिका अधिकार, काम, कर्तव्यको निर्णय अनुसार कार्यान्वयन गर्ने गराउने ।

६. खेलकुद विकास सम्बन्धी तत्काल आईपरेका समस्या एवम् कार्यहरु सम्पन्न गर्ने र त्यसरी सम्पन्न गरिएका कामहरु खेलकुद विकास समितिको बैठकबाट अनुमोदन गराउने ।

७. दैनिक प्रशासनिक कामहरु गर्ने गराउने ।

८. वार्षिक कार्यक्रमहरु तयार गरी बैठकमा पेश गर्ने ।

(घ) सदस्य :

खेलकुद विकास समितिको निर्णय अनुसार तोकिदिएको कार्य सम्पादन गर्ने गराउने ।

**१३. पदाधिकारीको सुविधा** : (१) खेलकुद विकास समितिका पदाधिकारी एवम् सदस्यहरुलाई देहाय बमोजिमको सुविधा दिन सकिनेछ,

(क) गाउँपालिकाबाट निर्णय गरिएको बैठक भत्ता ।

(ख) सम्मरीमाई गाउँपालिका खेलकुद विकास समितिको कामले जिल्ला, प्रदेश एवम् राष्ट्रिय रुपमा भ्रमण गर्दा गाउँपालिकाबाट निर्णय गरिए बमोजिम आवत जावत बापत लाग्ने सवारी भाडा तथा दैनिक भ्रमण भत्ता ।

(ग) गाउँपालिका स्तरीय खेलकुद विकास समितिको कामको सिलसिलामा निजी वा भाडामा सवारी साधन प्रयोग गर्दा लागेको ईन्धन खर्च वा यस्ता अन्य खर्चहरु ।

(घ) गाउँपालिकाले निर्णय गरेका अन्य सम्बन्धित खर्चहरु ।

## परिच्छेद : ६
## संघ संस्था र क्लबहरु दर्ता कार्यविधि :

**१४. खेलकुद सम्बन्धी संस्थाको दर्ता प्रक्रिया :** गाउँपालिकामा खेलकुद सम्बन्धी संस्थाले दर्ता गराउन चाहेमा देहाय बमोजिमको कार्यविधि अवलम्बन गराउनु पर्नेछ।

(क) संस्थाको नाम र ठेगाना

(ख) सञ्चालन गर्ने खेलकुदको किसिम

(ग) कार्य समितिको सदस्यहरुको नामावली, ठेगाना र पेशा समेत

(घ) आवश्यक सम्बन्धित विवरण

**१५. वडा खेलकुद समिति :**

गाउँपालिका स्तरीय खेलकुद विकास समितिले आवश्यक कार्यविधि र मापदण्ड बनाई गाउँपालिकाका ७ वटै वडामा वडा खेलकुद विकास समिति गठन गर्न सक्नेछ।

**१६. खेलकुद विकास समितिको कार्यालय :** खेलकुद विकास समितिको मुख्य कार्यालय गाउँ कार्यपालिकाको कार्यालयमा नै रहनेछ।

## परिच्छेद : ७
## आर्थिक स्रोत

**१७. खेलकुद विकास समितिको आर्थिक स्रोत तथा कोष :**

(१) गाउँपालिका स्तरीय खेलकुद विकास समितिको आर्थिक स्रोत तथा कोष देहाय बमोजिम रहनेछ,

(क) गाउँपालिकाले विनियोजन गरेको खेलकुद शिर्षकको बजेट।

(ख) विभिन्न कार्यहरु तर्जुमा गरी संकलन हुन आएको रकम वा पुरस्कारको रकम।

(ग) गाउँपालिका र खेलकुद विकास समितिको हित, उद्देश्य, नीति र स्वार्थमा नकारात्मक असर नपर्ने गरी प्राप्त हुन आउने चन्दा, आर्थिक अनुदान वा दान दातव्य आदि।

(घ) खेलकुद सम्बन्धी संघ र संस्था र क्लवहरु दर्ता वा नविकरण गर्दा प्राप्त हुने सदस्यता वा नविकरण वाफत प्राप्त हुने रकम ।

माथि जे जस्तो लेखिएको भएता पनि गाउँपालिका आर्थिक सञ्चालन एवम् व्यवस्थापन सम्वन्धी नियम कानूनको अधिनमा रही आर्थिक कार्य सञ्चालन गर्नका लागि खेलकुद विकास समितिले कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृति लिएर कार्य सञ्चालन गर्नु पर्नेछ ।

**१८. खेलकुद विकास समितिको झण्डा, छाप र लोगो**

खेलकुद विकास समितिको झण्डाको रङ निलो हुनेछ । यसको साईज २ फिट चौडा र ३ फिट लम्बाई हुनेछ, झण्डाको विचमा खेलाडीले क्रिकेट ब्याट समातेको हुनेछ । अनुसूची-१ मा उल्लेख भए बमोजिम नमूना नै यसको लोगो सहित छाप हुनेछ ।

**अनुसूची-१**

गाउँपालिका स्तरीय खेलकुद विकास समितिको झण्डा, छाप र लोगो दफा १८ बमोजिमको ढाँचा अनुसार हुनेछ ।

**अनुसूची-२**
**शपथ ग्रहण**

गाउँपालिका स्तरीय खेलकुद विकास समितिका सम्पूर्ण पदाधिकारी एवम् सदस्यहरुलाई गाउँपालिकाका अध्यक्ष एवम् खेलकुद विकास समितिका संरक्षकले पद तथा गोपनियताको सपथ गराउने छन ।

[illegible]

**[illegible]**

**[illegible]**

[illegible]
[illegible]
[illegible]